# प्रस्तावहरु

१) नयाँ भैंसी पकेट कार्यक्रम कार्यान्वयन सम्बन्धमा ।
२) एक पालिका एक उत्पादन साझेदारी सम्बन्धमा ।
३) जग्गा वर्गीकरण सम्बन्धमा।
४) संघीय विशेष र समपुरक योजना छनौट गर्ने सम्बन्धमा ।
५) संघीय समपुरक योजना बजेट सुनिश्चितता सम्बन्धमा ।
६) करार जनशक्ति पदपूर्ति सम्बन्धि मापदण्ड २०७९ पारीत सम्बन्धमा।
७) महिला क्षमता विकास कार्यक्रम कार्यान्वयन सम्बन्धमा ।
८) दलित क्षमता विकास कार्यक्रम कार्यान्वयन सम्बन्धमा ।
९) युवा तथा खेलकुद कार्यक्रम कार्यान्वयन सम्बन्धमा ।
१०) अर्धवार्षिक प्रगति समिक्षा तथा सार्वजनिक सुनुवाई सम्बन्धमा ।
११) संघीय सशर्त तर्फका खानेपानी आयोजनाको बजेट सम्बन्धमा।
१२) गापा अनुदान शिक्षकको दोस्रो त्रैमासिक तलब भत्ता सम्बन्धमा।
१३) गरिबसँग विश्वेश्वर कार्यक्रम कार्यान्वयन सम्बन्धमा।
१४) LISA नतिजासम्बन्धि छलफल सम्बन्धमा।
१५) विविध सम्बन्धमा।

क) योजना संशोधन सम्बन्धमा ।

ख) तटबन्धन योजना सिफारिस तथा कार्यान्वयन सम्बन्धामा ।

ग) पोषण तथा खाद्य सुरक्षा समितिको निर्णय अनुमोदन गर्ने सम्बन्धमा ।

घ) पालिका स्तरिय स्वास्थ्य बीमा संयोजन समिति गठन गर्ने सम्बन्धमा ।

प्रेम बहादुर घर्ती
प्रमुख प्रशासकीय अधिकृत

गणेश कुमार के.सी.
अध्यक्ष

## निर्णयहरु

निर्णय नं. १– त्रिवेणी गाउँपालकाको आ.व.२०७९।०८० मा संघीय सशर्त अनुदान अन्तरगत प्राप्त भएको नयाँ भैसी पकेट कार्यक्रम कार्यान्वयनका लागी त्रिवेणी गाउँपालकाको वडा नम्बर २ र ५ लाई छनोट गरी कार्यान्वयन गर्ने निर्णय पारित गरियो ।

निर्णय नं. २– त्रिवेणी गाउँपालकाको आ.व.२०७९।०८० मा संघीय सशर्त अनुदान अन्तरगत प्राप्त भएको एक पालिका एक उत्पादन साझेदारी कार्यक्रम कार्यान्वयनका लागी त्रिवेणी गाउँपालकाको वडा नम्बर ३ र ६ लाई छनोट गरी कार्यान्वयनका गर्ने र पालिकाको साझेदारी तर्फ बहुक्षेत्रीय पोषण कार्यक्रमका लागी साझेदारीका लागी विनियोजन बजेटवाट रकमान्तर गरी रु २ लाख विनियोजन गर्ने निर्णय पारित गरियो ।

निर्णय नं. ३– गाउँ कार्यपालिकाको अघिल्लो बैठकको निर्णय अनुसार गाउँपालिकाको १० वटै वडावाट जग्गा वर्गीकरण गरी गाउँ कार्यपालिकाको बैठकमा पेश गर्न भएको निर्णय बमोजिम १० वटै वडाको वडा समितिको बैठकवाट जग्गा वर्गीकरण गरी पेश भएकोमा सबै वडा समितिका निर्णयलाई अनुमोदन गरी जिल्ला मालपोत कार्यालय, नापी कार्यालय तथा सम्बन्धित निकायमा पठाउने निर्णय पारित गरियो।

निर्णय नं. ४– त्रिवेणी गाउँपालकाको आ.व.२०८०।०८१ को लागी यस गाउँपालिकावाट संघीय विशेष र समपुरक अनुदान अन्तर्गतका योजना तथा कार्यक्रमहरू तपशिल बमोजिम छनोट गरि राष्ट्रिय योजना आयोगमा माग विवरण पठाउने गर्ने निर्णय पारित गरियो।

विशेष अनुदान तर्फः

| क.सं. | योजनाकार्यक्रमको नाम/ | कार्यान्वयन हुने स्थान | माग गरिएको बजेट | कैफियत |
|---|---|---|---|---|
| १ | शैक्षिक गुणस्तर सुधारका लागी प्रविधिको प्रयोग र सरोकारवालाहरूको क्षमता अभिवृद्धि तथा परिचालन परियोजना निरन्तरता | त्रिवेणी गाउँपालिका | २,५०,००,०००।०० | बहुबर्षीय क्रमागत |
| २ | कृषि क्षेत्रको आधुनिकीकरण तथा व्यावसायिकरणका लागी कृषकहरुको क्षमता अभिवृद्धि तथा प्रविधि हस्तान्तरण परियोजना | त्रिवेणी गाउँपालिका | ५,००,००,०००।०० | बहुबर्षीय क्रमागत |
| ३ | पोषण मैत्री नमुना टोल कार्यक्रम | त्रिवेणी गाउँपालिका | ५०,००,०००।०० | क्रमागत |
| ४ | श्री दलित उद्यमविकास बहुउद्देश्यीय सहकारी संस्था त्रिवेणी ६ रुकुम पश्चिम मार्फत आरन उद्योग स्थापना | त्रिवणी गाउँपालिका | १००००००००।०० | |
| ५ | विपद व्यवस्थापन | त्रिवणी गाउँपालिका | १००००००००।०० | |

प्रेम बहादुर घर्ती
... प्रशासकीय अधिकृत

गणेश कुमार क.सी.
अध्यक्ष

समपुरक अनुदान तर्फः

| क्र.सं. | योजनाकार्यक्रमको नाम/ | कार्यान्वयन हुने स्थान | कैफियत |
|---|---|---|---|
| १ | साजारुख-आवि भुम्के-बरनेटी-टोट्के सडक निर्माण योजना | त्रिवेणी १० | |
| २ | झुल्नेटा-खुम्चेरी-लाइत-जिवाङ्ग-दहभागे सडक निर्माण योजना | त्रिवेणी ३ ,४, ५ र १ | |
| ३ | भीरबाटी-ढुंगेघर-मावि पेउघा-मान्टुरा सडक स्तरोन्नति योजना | त्रिवेणी ६ र ८ | |
| ४ | सिम्रुतु-जिवाङ्ग-लामामेला सडक स्तरोन्नति योजना | त्रिवेणी ३ ,४ र ५ | |
| ५ | सिम्रुतु-रुँघा-दहभागे-कालापोखरा सडक निर्माण योजना | त्रिवेणी २ र १ | |

निर्णय नं. ५– त्रिवेणी गाउँपालकाको आ.व.२०८०।०८१ को लागी संघीय सरकारवाट प्राप्त हुने समपुरक अनुदानका योजना तथा कार्यक्रमका लागी यस गाउँपालिकावाट आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रममा तपशिल अनुसारका योजनाहरुमा देहाय बमोजिम बजेट विनियोजन गरी लगानी साझेदारी सुनिश्चितता गर्ने निर्णय पारित गरियो।

तपशिलः

| क्र.सं. | योजनाकार्यक्रमको/ नाम | संघ | गाउँपालिकावाट | जम्मा बजेट |
|---|---|---|---|---|
| १ | साजारुख-आवि भुम्के-बरनेटी-टोट्के सडक निर्माण योजना | १०००००० | १०००००० | २०००००० |
| २ | झुल्नेटा-खुम्चेरी-लाइत-जिवाङ्ग-दहभागे सडक निर्माण योजना | १०००००० | १०००००० | २०००००० |
| ३ | भीरबाटी-ढुंगेघर-मावि पेउघा-मान्टुरा सडक स्तरोन्नति योजना | १०००००० | १०००००० | २०००००० |
| ४ | सिम्रुतु-जिवाङ्ग-लामामेला सडक स्तरोन्नति योजना | १०००००० | १०००००० | २०००००० |
| ५ | सिम्रुतु-रुँघा-दहभागे-कालापोखरा सडक निर्माण योजना | १०००००० | १०००००० | २०००००० |

निर्णय नं. ६– त्रिवेणी गाउँपालकामा व्यवस्थित रुपले कर्मचारी व्यवस्थापन गरी गाउँपालिकाको सेवा प्रवाहलाई चुस्त, दुरुस्त र व्यवस्थित गराउनका लागी त्रिवेणी गाउँपालिकाको **"करार जनशक्ति पदपूर्ति सम्बन्धि मापदण्ड २०७९"** पारीत गरी कार्यान्वयनमा ल्याउने निर्णय पारित गरियो।

निर्णय नं. ७– त्रिवेणी गाउँपालकाको चालु आव २०७९।०८० को महिला क्षमता विकास कार्यक्रम शीर्षकमा विनियोजन भएको बजेट कार्यान्वयनका लागी गाउँपालिकाको महिला बालबालिका शाखा मार्फत गाउँपालिकाको १० वटै वडाका महिलाहरुको क्षमता अभिवृद्धि गर्न सबै वडाहरुमा क्षमता वृद्धि कार्यक्रम संचालन गरि उक्त शीर्षकमा विनियोजन भएको बजेट कार्यान्वयन गर्ने अख्तियारी दिने निर्णय पारित गरियो।

निर्णय नं. ८– त्रिवेणी गाउँपालकाको चालु आव २०७९।०८० को दलित क्षमता विकास कार्यक्रम शीर्षकमा विनियोजन भएको रु ५ लाख बजेट कार्यान्वयनका लागी गाउँपालिकाको १० वटै वडामा रु ५० हजारका

प्रेम बहादुर घर्ती
प्रमुख प्रशासकीय अधिकृत

गणेश कुमार के.सी.
अध्यक्ष

दरले विनियोजन गरि उक्त शीर्षकमा विनियोजन भएको बजेट कार्यान्वयनका गाउँपालिका कार्यालय मार्फत प्रस्ताव माग गरी कार्यान्वयन गर्ने अख्तियारी दिने निर्णय पारित गरियो।

**निर्णय नं. ९–** त्रिवेणी गाउँपालकाको चालु आव २०७९।०८० को युवा तथा खेलकुद कार्यक्रम शीर्षकमा विनियोजन भएको रु ५ लाख बजेट कार्यान्वयनका लागी १० वटै वडाका युवाहरुलाई समेटेर खेलकुद कार्यक्रम संचालनका लागी सबै वडाहरुमा रु ५० हजारका दरले विनियोजन गरि कार्यान्वयन गर्न कार्यालयलाई अख्तियारी दिने निर्णय पारित गरियो।

**निर्णय नं. १०–** त्रिवेणी गाउँपालकाको चालु आव २०७९।०८० को अर्धवार्षिक प्रगति समिक्षा तथा सार्वजनिक सुनुवाई कार्यक्रम मिति २०७९।१०।१० गते वृहत रुपमा सहभागीता गराई उक्त दिन प्रगति समिक्षा तथा सार्वजनिक सुनुवाई कार्यक्रम गर्ने निर्णय पारित गरियो ।

**निर्णय नं. ११–** त्रिवेणी गाउँपालकाको चालु आव २०७९।०८० संघीय सशर्त तर्फका खानेपानी आयोजनाको बजेट अर्थ मन्त्रालयवाट बजेट कटौति गरी अख्तियारी पठाएकोमा गाउँपालकामा पहिले प्राप्त भएको बजेट तथा कार्यक्रम अनुसार योजना सम्झौता भई कार्यान्यवयमा समेत गइसकेकोले काम भैरहेका योजनाहरुका काम यथास्थानमा राखि प्राप्त भएको अख्तियारी अनुसार कार्यान्वयन गर्ने र काम भैसकेका योजनाहरुको काम अनुसारको प्राविधिक मूल्यांकन उठाई नपुग बजेट संघीय सरकार अर्थमन्त्रालयमा बजेट माग गरि पठाउने निर्णय पारित गरियो।

**निर्णय नं. १२–** त्रिवेणी गाउँपालकाको चालु आव २०७९।०८० गापा अनुदान शिक्षकको दोस्रो त्रैमासिक तलब भत्ता खुवाउन गापा ले छुट्याएको रकमको स्रोत संघीय राजस्व बाँडपफाँड रहेको र सो रकम निकासा अपुग भएकाले रकम निकासा आएपश्चात सोधभर्ना गर्नेगरी हाललाई संघीय सशर्त तर्फको आधारभूत तह दरबन्दि तथा राहत शिक्षक तलब शिर्षकबाट अपुग रकम व्यहोर्ने गरी दोस्रो त्रैमासिक तलब भत्ता निर्णय पारित गरियो।

**निर्णय नं. १३–** त्रिवेणी गाउँपालकामा लागु भएको वडाका गरिबसँग विश्वेश्वर कार्यक्रम अन्तरगत समूहको बैठकवाट विपन्न सदस्यलाई बाख्रापालन कार्यका लागी छनौट गरी पठाएकोमा समूहको बैठक निर्णयलाई अनुमोदन गरी कार्यक्रम कार्यान्वयन गर्ने निर्णय पारित गरियो।

**निर्णय नं. १४** स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकन कार्यविधि २०७७ बमोजिम यस त्रिवेणी गाउँपालिकाको आ.व. २०७८/७९ को स्वमूल्यांकनको अन्तिम नतिजा पारित गर्ने निर्णय गरियो।

**निर्णय नं. १५ विविध (क)–** गाउँपालिकाको चालु आर्थिक वर्षको बजेट तथा कार्यक्रम अनुसार त्रिवेणी गाउँपालिका वडा नम्बर १ को माथिल्लो झुलुङ्ग खोला खानेपानी टयाङ्की निर्माण योजनामा रु ५०००० र सानेचौर

प्रेम बहादुर घर्ती
प्रमुख प्रशासकीय अधिकृत

गणेश कुमार के.सी.
अध्यक्ष

खानेपानी ट्याङ्की निर्माण योजनामा रु ५०००० बजेट विनियोजन गरिएकोमा माथिल्लो झुलुङ्ग खोला खानेपानी ट्याङ्की निर्माण योजनामा विनियोजन भएको बजेट रकम रु ५०००० लाई रकमान्तर गरी सानेचौर खानेपानी ट्याङ्की निर्माण योजनामा रु १००००० बजेट कायम गर्नेगरी १ नम्बर वडा समितिवाट भएको निर्णयलाई अनुमोदन गरी बजेट तथा कार्यक्रम संशोधन गर्ने गर्ने निर्णय पारित गरियो।

**निर्णय नं. १५ विविध (ख)–** खानेपानी सिचाई तथा उर्जा विकास कार्यालय रुकुम पश्चिम मार्फत चालु आर्थिक वर्षमा त्रिवेणी गाउँपालकाको वडा नम्बर ७, ८, ९ र १० को काँइयाखोलामा तटबन्धन निर्माण गर्न रु १५ लाख बजेटवाट विनियोजन गरिएकोमा उक्त बजेटवाट त्रिवेणी १० स्थित शिव मन्दिर देखि मसानघाट सम्मको सडक तथा मसानघाट निर्माण गर्नका लागी खानेपानी सिचाई तथा उर्जा विकास कार्यालयमा सिफारिस गर्ने निर्णय पारित गरियो।

**निर्णय नं. १५ विविध (ग)–** गाउँपालिकाको पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको निर्णयवाट बहुक्षेत्रीय पोषण कार्यक्रम संचालनका लागी प्राप्त भएको बजेट तथा कार्यक्रम बाँडफाड गरी कार्यपालिकाको बैठकमा पेश गरिएकोमा उक्त निर्देशक समितिको निर्णयलाई अनुमोदन गरी कार्यक्रम कार्यान्वयन गर्न कार्यालयलाई अख्तियारी दिने निर्णय पारित गरियो।

**निर्णय नं. १५ विविध (घ)–** स्थानीय तह स्वास्थ्य बीमा संयोजन समिति गठन संचालन कार्यविधि २०७८ को नियम २६ बमोजिम देहाय बमोजिमका पदाधिकारीहरु रहने गरी पालिका स्तरिय स्वास्थ्य बीमा संयोजन समिति गठन गर्ने निर्णय पारित गरियो।

<u>तपशिल:</u>

| | |
|---|---|
| श्री गणेश कुमार के.सी. (गाउँपालिका अध्यक्ष) | –संयोजक |
| श्री धन बहादुर खड्का (७ नं वडा अध्यक्ष) | –सदस्य |
| श्री किरण पुन (हेल्थ असिस्टेन्ट) | –सदस्य |
| श्री सीता पुन (महिला स्वास्थ्य स्वयम सेविका) | –सदस्य |
| श्री सरि ओली (महिला स्वास्थ्य स्वयम सेविका) | –सदस्य |
| श्री प्रेम बहादुर पुन (स्वास्थ्य शाखा प्रमुख) | –सदस्य |
| श्री कमल डाँगी (दर्ता अधिकारी) | –सदस्य |
| श्री प्रेम बहादुर घर्ती (प्रमुख प्रशासकीय अधिकृत) | –सदस्य–सचिव |

प्रेम बहादुर घर्ती
प्रमुख प्रशासकीय अधिकृत

गणेश कुमार के.सी.
अध्यक्ष